# कृषि विभाग अन्तरगत संचालित  मौरी, च्याउ, रेशम कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७०

**नेपाल सरकार (सचिवस्तर) को मिति २०७०।९।१८ स्वीकृत**

नेपाल सरकार

कृषि विकास मन्त्रालय

## मौरी, च्याउ, रेशम कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७०

कृषि प्रधान देश नेपालमा छैसठ्ठी प्रतिशत जनताको जीविकोपार्जनका श्रोत कृषि रहेको र कूल ग्राहस्थ उत्पादनमा करिव पैतिस प्रतिशत कृषि क्षेत्रले योगदान गरेको अवस्था छ । देशको रोजगारीको प्रमूख क्षेत्र कृषि भएकोले कृषि व्यवसायलाई व्यावसायिक, प्रतिस्पर्धि र बातावरण अनुकुलन बनाई कृषि उपजको उत्पादन बढाई आयात प्रतिस्थापन तथा निर्यात प्रबर्द्धन गर्ने मूल उद्देश्य राखी मौरी, रेशम र च्याउ सम्बन्धि कार्यक्रममा अनुदानको व्यवस्थागरी कृषिमा नेपाली नागरीकलाई आकर्षित गर्न बिशेष कार्यक्रम संचालन गर्न लागिएको छ ।

निम्न आय भएका कृषक बर्गलाई रेशम खेती, मौरी गोला तथा मौरी पालन सामाग्रीमा अनुदान दीइ महको उत्पादन बढाउने मौरीपलान सम्बन्धी ओजार उपकरणको उद्योग व्यावसाय गर्ने व्यावसायी तथा युवा वर्गलाई व्यावसायिक मौरीपालन र च्याउ उत्पादन र रेशम धागो उत्पादन कार्यमा आकर्षित गर्न अनुदान सहुलियत दिन आवश्यक परेकोले नेपाल सरकारबाट व्यावसायिक कीट विकास कार्यक्रम सञ्चालन कार्यविधी, २०७० लागू गरिएको छ ।

### परिच्छेद १
### प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भः**

(क) यो कार्यविधिको नाम **"मौरी, च्याउ, रेशम कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७०**" रहेको छ ।

(ख) यो कार्यविधि कृषि विकास मन्त्रालयबाट स्वीकृत भएको मितिबाट प्रारम्भ हुनेछ ।

२. **परिभाषाः** विषय र प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा :

"व्यावसायिक कीट विकास कार्यक्रम" भन्नाले मौरीपालन तथा च्याउ खेतीसंग सम्बन्धीत कार्यक्रम सम्फनु पर्दछ ।

"च्याउ उत्यादन कार्यक्रम" भन्नाले ताजा च्याउ उत्पादन गर्ने, प्रशोधन गर्ने, बिक्री वितरण सम्बन्धी काम गर्ने र च्याउको विउ उत्पादन तथा विक्री वितरण गर्ने कार्य बुझाउदछ ।

"मौरीपालन" भन्नाले मह,मौरीजन्य बस्तुहरु, मौरी पालनर मह प्रशोधमा प्रयोगहुने औजार उपकरणहरुको उत्पादन र विक्री वितरण, मह र मौरीजन्य बस्तुहरुको प्रशोधन , गुणस्तर मापन , प्रमाणिकिरण र विदेश निकासी गर्नेसम्मका कार्यक्रम बुझाउछ ।

"निम्न आय भएका कृषक" भन्नाले आफ्नो जमिनको उत्पादनबाट बर्षमा ६ महिना पनि खान नपुग्ने परिबारलाई जनाउंछ ।

"भूमिहिन कृषक" भन्नाले आफ्नो जग्गा नभएका , शहरी क्षेत्र र शहरको आसपासमा डेरा गरि बस्ने बसेको ठाउंमा कृषि कर्म गर्ने जमीन नभएका कृषक बर्गलाई समेत जनाउंछ ।

"व्यावसायिक मौरी कृषक" भन्नाले कम्तीमा पनि ५० घार मौरीपालन गर्ने कृषक बुझ्नु पर्दछ ।

"मह व्यवसायी" भन्नाले बर्षैभरी मह संकलन, प्रशोधन तथा बेच विखन गर्ने, मौरी घार तथा मौरीपालन उपकरणहरु उत्पादन गरी विक्री वितरण गर्ने जस्ता कारोबार गर्ने उद्योग व्यावसाय दर्ता गरेको व्यक्ति र फर्मलाई सम्फनु पर्दछ ।

"व्यावसायिक च्याउ खेति गर्ने कृषक" भन्नाले बर्ष भरीमा कम्तीमा पनि ५००० के.जी कम्पोष्ट वा पराल वा अन्य माध्यममा च्याउको खेती गरी च्याउ उत्पादन गर्ने कृषक र फर्म बुझ्नु पर्दछ ।

"पेरीअर्वन क्षेत्र" भन्नाले शहरको छेउछाउ र शहरसंग जोडिएका यातायातको सुविधा भएका क्षेत्र पर्दछन् ।

"मह निर्यात प्रवर्द्धन" भन्नाले व्यावसायिक रुपमा मह उत्पादन ,उत्पादित महको प्रशोधन, गुणस्तर मापन, प्याकीङ्ग तथा विदेश निकासी गर्ने कार्य जनाउंछ ।

“रेशमखेती विकास कार्यक्रम” भन्नाले किम्बु खेती र रेशम कीरा पालन  सम्बन्धी  सम्पूण क्रियाकलापहरु बभ्फाउंछ

“कीम्बु खेती विस्तर” कार्यक्रम भन्नाले कीम्बु विरुवा उत्पादन, विक्री वितरण, कीम्बु विरुवा रोपण गर्ने कार्य बुझाउंछ ।

“रेशम कीरा पालन” भन्नाले रेशम विज उत्पादन, भण्डारण, वितरण, चौकी कीरा पालन, ठूला कीरापालन, विजकोया उत्पादन, कोया उत्पादन, कोया टीप्ने, सुकाउने तथा विक्री वितरण गर्ने सम्मका  कार्यक्रम बुझाउछ ।

“रेशमजन्य उद्योग” भन्नाले ताजा कोकुन खरिद गरि सुकाउने, धागो निकाल्ने, कपडा तयार गर्ने, कीम्बु र रेशम कीराबाट विभीन्न रेशमजन्य बस्तु उत्पादन गरि विक्री वितरण सम्बन्धी कार्यहरु गर्ने सामुहिक वा व्यक्तिगत व्यवसायलाई जनाउंछ ।

“व्यावसायिक रेशम कृषक” भन्नाले कम्तीमा पनि १० रोपनीमा कीम्बु खेती लगाई एक पटकमा कम्तीमा ४ बाकस रेशम कीरा पालन  गर्ने कृषक बुझ्नु पर्दछ ।

“रेशम व्यवसायी” भन्नाले नियमित रुपमा कृषकहरुबाट उत्पादित रेशम कोकुन सकलन, गर्ने, धागो निकाल्ने, रेशम  कपडा तथा अन्य रेशमजन्य बस्तु उत्पादन गरी विक्री वितरण गर्ने जस्ता कारोबार गर्ने उद्योग व्यावसाय दर्ता गरेको  व्यक्ति र फर्म सम्झनु पर्दछ ।

**३ उद्देश्यः** यस कार्यविधिका उद्देश्य देहाय वमोजिम रहेका छन् :-

क) मह र च्याउको आन्तरीक उपभोगमा बृद्धि गराई खाद्य पोषणमा सुधार ल्याउन जनचेतनामूलक कार्यमा अनुदान
उपलब्ध गराउने ।

ख) रेशम खेतीलाई व्यवसायिकरण गर्न प्रेरित गराई आयत प्रतिस्थापन गर्दै निर्यात बढाउने ।

## परिच्छेद २

## क.मौरीपालन र च्याउ खेती बाट गरीवी न्यूनीकरण तथा खाद्य सुधार कार्यक्रम

**२.१** मौरी पालनबाट गरीवी न्यूनीकरण तथा खाद्य सुधार कार्यक्रम सञ्चालन देहाय अनुसार हुनेछ ।

क) भूमीहिन, गरिव तथा न्यून आय भएका कृषक समुदयहरु बसोबास गर्ने क्षेत्रहरुको छनौट गरिने छ ।

ख) गरिवीको रेखामुनी रहेका र आफ्ने जमिनको उत्पादनले बर्षदिन खान नपुग्ने र पेरीआर्वन क्षेत्रमा रहेका चेपाङ्ग र अन्य समुदायहरुलाइ लक्षित गरि यो कार्यक्रम सञ्चालन गरिने छ ।

ग) कार्यक्रमसंग सम्बन्धीत जिल्ला कृषि विकास कार्यालय जिल्ला विकास समिती समेतको सहयोग र सहकार्यमा चेपाङ्गजस्तै अन्य गरीव विपन्न परिबारको बाहुल्यता भएको मौरीपालनको हकमा जगल र मौरी चरन क्षेत्र भएको तथा च्याउको हकमा विषालु च्याउको सेवनबाट जीउधनको क्षति भएको र शहरी क्षेत्रको आसपासको क्षेत्रको पहिचान गरि जिल्ला कृषि विकासकार्यहरुले बजेट तथा कार्यक्रम योजना तर्जुमा गरि योजना तर्जुमा गोष्ठिको समयमा व्यावसायिक कीट विकास निर्देशनालयमा पेश गर्नु पर्ने छ ।

घ) प्रस्तावित कार्यक्रमहरु (अनुसुची २ ) प्राप्त भएपछि कार्यक्रम कार्यान्वयन समिति सहितको विषय विशेषज्ञको प्राविधिक टोली सम्बधीत क्षेत्रमा गएर (अनुसुची ६) भौगोलिक तथा प्राविधिक पक्षहरुको स्थलगत निरीक्षण गरी प्रथामिकता क्रम निर्धाण गरिने छ । उपलब्ध भएका योजानहरु मध्येबाट प्राप्त भएको बजेटको आधारमा प्रथामिकताको आधारमा कार्यक्रम लक्ष्य निर्धारण गरि पेश गरिने छ । कार्यक्रम स्विकृत भै सकेपछि जिल्ला कृषि विकास कार्यालय मार्फत सम्झौता (अनुसुची ४) गरि कार्यक्रम सञ्चालन गरिने छ ।

ङ) समुहमा आवद्ध इच्छुक कृषकहरुलाई ३ देखि ७ दिने सैद्धान्तीक तथा व्यवहारीक तालीम प्रदान गरिने छ ।

च) तालीम प्राप्त कृषकहरुले तालीममा सिके अनुसार च्याउ खेती तथा मौरीपालन गर्नु पर्ने छ ।

छ) मौरीपालन गर्ने कृषकले मौरी चरनको विकास र विस्तार गर्न आवश्यक पर्ने च्युरीको तथा अन्य मौरी चरन उपयोगी बोट विरुवा लगाउन तथा संरक्षण गर्न प्रोत्साहित गरिने छ । यसको लागी बन कार्यालय र बन उपभोक्ता समितिहरु सगको समन्वय र सहकार्यमा आगामी आ.ब.हरुमा कार्यक्रम योजना तर्जुमा गरिने छ ।

ज) कार्यक्रम कार्यान्वयन समितिको व्यवस्था : जिल्ला कृषि विकास कार्यालयहरुबाट प्राप्त भएका योजनाहरुको प्रथामिकता क्रम निर्धारण गर्नकोलागि निम्नानुसारको कार्यक्रम कार्यान्वयन समितिको व्यवस्था गरिने छ । आवश्यक भएमा प्राविधिक उप समिती गठन गर्न सकिने छ ।

| | |
|---|---|
| कार्यक्रम निर्देशक, व्यावसायिक कीट विकास निर्देशनालय | संयोजक |
| प्रतिनिधी कृषि विभाग योजना तथा जनशक्ति शाखा | सदस्य |
| सम्बन्धीत जिल्लाको वरिष्ठ कृषि विकास अधिकृत | सदस्य |
| मौरीपालन कार्यक्रमको लागि मौरीपालन विकास कार्यालयका प्रमुख | सदस्य |
| च्याउ विकास कार्यक्रमकोलागि च्याउ विकास सम्बन्धी काम गर्ने व्यावसायिक कीट विकास निर्देशनालयका वरिष्ठ व्यावसायिक कीट विज्ञ | सदस्य |
| व्यावसायिक कीट विज्ञ (योजना सम्बन्धी काम गर्ने ) | सदस्य सचिव |

झ) कार्यक्रम सम्पन्न भएपछि नियमीत रुपमा प्रगती (अनुसुची ५) पठाउनु पर्नेछ ।

### ख. व्यावसायिक मह उत्पादन तथा मह निर्यात प्रवर्द्धन कार्यक्रम

**२.२** व्यावसायिक मह उत्पादन तथा मह निर्यात प्रवर्द्धन कार्यक्रम सञ्चालन देहाय अनुसार हुनेछ ।

क) चितवन, मकवानपुर, सर्लाही, रौतहट, नवलपरासी, रुपन्देही, दाङ्ग, अर्घाखांची, कास्की, पाल्पा, डडेल्धुरा, सुर्खेत जस्ता व्यावसायिक रुपम मौरीपालन गर्ने तथा काठमाण्डौ, ललितपुर जस्ता महको व्यावसाय गर्ने क्षेत्रहरुमा यो कार्यक्रम सञ्चालन गरिने छ ।

ख) व्यावसायिक रुपमा मौरीपालन गरि मह र मौरीजन्य बस्तुको उत्पादन र विक्री वितरण गर्ने, मौरी घारगोला सहित मौरी पालन औजार उपकरणहरु निर्माण र विक्री वितरण गर्ने, महको संकलन, प्रशोधन, र बजारीकरण गर्ने, महको निकासी गर्न आवश्यक पर्ने पारामीटरहरुको तयारी गरि महको निकासी गर्ने उद्यमी व्यावसायीहरुलाई लक्षित गरि यो कार्यक्रम सञ्चालन गरिने छ ।

ग) यो कार्यक्रम सञ्चालन गर्न महको व्यापार प्रवर्द्धनमा लागेका मह व्यावसायि उद्यमी तथा मह उत्पादकहरुसगको Public Private Partnership (PPP) को अवधारणा अनुसार सञ्चालन गरिने छ ।

घ) यो कार्यक्रम समन्वय समितीले छनौट तथा सिफारीस गरेका आधारमा व्यावसायिक कीट विकास निर्देशनालयमार्फत सञ्चालन हुनेछ ।

ङ) व्यावसायिक कीट विकास निर्देशनालयले राष्ट्रिय पत्रिकामा प्रत्येक आ.ब.को शुरुमा निश्चित समय सिमा राखि कार्यक्रम प्रस्तावको लागि सूचना आव्हान गर्ने छ ।

च) मह र मौरीजन्य बस्तु उत्पादन, मौरीपालन सम्बन्धी सामाग्री उत्पादन, मौरी श्रोत केन्द्र स्थापना र सञ्चालन, तथा मह प्रशोधन र बजारीकरण मध्ये कुनै पनि क्षेत्रमा व्यक्तिगत र समुहगत रुपमा सुचनामा उल्लेख भएअनुसारको मापदण्ड पुरा गरेका फर्म र उद्योग सञ्चालकबाट तोकीएको समय भित्र प्रस्ताव पेश गर्नु पर्ने छ ।

छ.) प्रस्तावित कार्यक्रमहरु प्राप्त भएपछि कार्यक्रम कार्यान्वयन समिति सहितको विषय विशेषज्ञको प्राविधिक टोली सम्बधीत क्षेत्रमा गएर भौगोलिक तथा प्राविधिक पक्षहरुको स्थलगत निरीक्षण गरी प्रथामिकता क्रम निर्धाण गरिने छ । उपलब्ध भएका योजानहरु मध्येबाट प्राप्त भएको बजेटको आधारमा प्रथामिकताको आधारमा कार्य लक्ष्य निर्धारण गरि व्यावसायिक कीट विकास निर्देशनालयबाट बजेट तथा कार्यक्रम योजना तर्जुमा गरि स्विकृतिको लागि पेश गरिने छ ।

ज) कार्यक्रम स्विकृत भै आएपछि कार्यक्रम कार्यान्वयन समितीले निर्धारण गरे अनुसारको प्रथामिकता क्रमको आधारमा कार्यक्रम सञ्चालनको लागि नियमानुसारको अनुदान सहयोग उपलब्ध गराईने छ ।

झ) मह उत्पादन तथा बजारीकरण सम्बन्धी प्राविधिक तालीमहरु आवश्यकता अनुसार व्यावसायिक कीट विकास निर्देशनालय र मौरी विकास शाखा कार्यालयहरु मार्फत सञ्चालन गरिने छ ।

ञ) नियमानुसार तोकीएको अनुदान सहुलियत अनुदान बाहेक मह र मौरीसंग सम्बन्धीत उद्योग व्यावसाय सञ्चालन गर्नकोलागि आवश्यक पर्ने सम्पूर्ण पूर्वाधारको व्यवस्थागर्न आवश्यक पर्ने लगानी स्वय सञ्चालकहरुबाट गर्नु पर्ने छ ।

ट) श्रोत केन्द्र स्थापनाको लागि प्रस्ताव पेश गरि कार्यक्रम शुरु गरेका फर्म उद्योगहरुले सरकारी दर रेट अनुसारको मूल्यमा मौरी रानु, मौरी गोला घार तथा मौरी उपकरणहरु उपलब्ध गराउनु पर्ने छ ।

ठ) सरकारी अनुदानमा सञ्चालित श्रोत केन्द्रको प्रचार प्रसार गर्न आवश्यक सहयोग गरिने छ साथै जिल्ला कृषि विकास कार्यालयहरुबाट आफ्नो लक्ष्य अनुसारको मौरी गोला घार र मौरी पालन औजार उपकरणहरु सोही श्रोत केन्द्रहरुबाट खरिद गरी बिक्री वितरण गर्नु पर्ने अनिवार्य व्यवस्था गरिने छ ।

ड) कार्यक्रम कार्यान्वयन समितिको व्यवस्था : जिल्ला कृषि विकास कार्यालयहरुबाट प्राप्त भएका योजनाहरुको प्रथामिकता क्रम निर्धारण गर्नकोलागि निम्नानुसारको कार्यक्रम कार्यान्वयन समितिको व्यवस्था गरिने छ । आवश्यक भएमा प्राविधिक उप समिती गठन गर्न सकिने छ ।

| | |
|---|---|
| कार्यक्रम निर्देशक, व्यावसायिक कीट विकास निर्देशनालय | संयोजक |
| प्रतिनिधी खाद्य अनुसन्धान तथा गुण नियन्त्रण विभाग | सदस्य |
| प्रतिनिधी उद्योग तथा बाणिज्य मन्त्रालय | सदस्य |
| व्यावसायिक कीट विकास निर्देशनालयमा मौरी सम्बन्धी काम हेर्ने वरिष्ठ कीट विज्ञ | सदस्य |
| व्यावसायिक कीट विकास निर्देशनालयका योजना सम्बन्धी काम गर्ने अधिकृत | सदस्य सचिव |

**२.३** मौरी पालनबाट गरीवी न्यूनीकरण तथा खाद्य सुधार कार्यक्रमको आर्थिक पक्ष देहाय अनुसार हुनेछ ।

क) तालमिमा सहभागी प्रशिक्षक तथा प्रशिक्षार्थीहरुको नियमानुसारको पारीश्रमिक तथा आते जाते भत्ता, खाजा, स्टेशनरी एवं तालीम सञ्चालन गर्न आवश्यक पर्ने सामाग्रीहरुको नियमानुसारका खर्चहरु

ख) व्यावसायिक रुपमा च्याउ खेती गर्न आवश्यक पर्ने प्लाष्टिक, बांस, तथा अन्य सामाग्री र उक्त टनेल बनाउने मिस्त्रीको ज्याला समेतको खर्च टनेल निर्माण समेतमा ९० प्रतिशत अनुदान दिने

ग) च्याउको विउ ९० प्रतिशत मूल्य अनुदानमा खरिद गरि वितरण गर्ने ।

घ) च्याउ खेतीगर्न आवश्यक पर्ने पराल, मलखाद तथा अन्य सामाग्रीहरुको मूल्यमा ९० प्रतिशत अनुदानमा वितरण गर्ने ।

ङ) च्युरीको विरुवको मूल्य, ढुवानी र नर्सरी स्थापना गर्न आवश्यक खर्चम प्रति नर्सरी ५० हजारका दरले निजी नर्सरी धनीलाई अनुदान दिने ।

च) मौरीपालन गर्न आवश्यक पर्ने  घार तथा अन्य उपकरणहरु एक पटकलाई ९० प्रतिशत अनुदानमा खरिद गरि वितरण गर्ने वा अनुदान दिने ।

छ.) स्थानियस्तरमा उपलब्ध हुन नसक्ने आवश्यक सामाग्रीहरु कार्यस्थलसम्म ढुवानी गरि लैजादा लाग्ने स्थानिय दररेट नुसारको सतप्रतिशत ढुवानी ।

ज) मौरी पालन तथा मह प्रशोधन र मौरीजन्य उत्पादन प्याकिङ्गमा प्रयोग हुने ओजार उपकरणमा ९० प्रतिशतसम्म मूल्य अनुदानमा उपलब्ध गराउने ।

२.४ व्यावसायिक मह उत्पादन तथा मह निर्यात प्रवर्द्धन कार्यक्रमको आर्थिक पक्ष देहाय अनुसार हुनेछ ।

क) तालमि/गोष्ठिमा सहभागी प्रशिक्षक तथा प्रशिक्षार्थीहरुको नियमानुसारको पारीश्रमिक तथा आते जाते भत्ता,खाजा, स्टेशनरी एवं तालीम सञ्चालन गर्नृ आवश्यक पर्ने सामाग्रीहरुमा नियमानुसारका सम्पूर्ण खर्चहरु ।

ख.) मह प्रशोधनसंग सम्बन्धीत औजार उपकरण तथा मौरी गोला सहितको घारमा ५० प्रतिशत अनुदान ।

ग) मौरीको रानु, मौरी घार र मौरी गोला उत्पादन श्रोत केन्द्र स्थापना गर्न आवश्यक पर्ने औजार उपकरण र अन्य सामाग्रीहरुमा ५० प्रतिशत वा एक पटकलाई बढिमा रु १० लाख सम्मको अनुदान ।

घ) तोरी र अन्य मौरी चरन क्षेत्रमा मौरी घार स्थानान्तर तथा तोरी र अन्य मौरी चरन बोट विरुवाको क्षेत्र विकास कार्यक्रमको् लागी  मौरी कृषकहरुलाई ढुवानी र तोरी र मौरी चरन बोट विरुवा लगाउने कृषकहरुलाई तोरीको विउ, अन्य बोट विरुवा, मलखादमा अनुदान शतप्रतिशत दिने ।

ङ) मौरी चरन क्षेत्रमा विषादीको प्रयोगलाई न्युनिकरण गर्ने तथा कृषक समुदायलाई जन चेतना दिने उदेश्यले आई पी.एम कृषक पाठशालाको माध्यमबाट जानकारी दिने उदेश्यले कम्तीमा पनि एक पटकको चरन कायम रहने अवधिसम्मको लागी आइ पी एम कृषक पाठशाला सञ्चालन गर्न बढिमा १ लाख सम्मको बजेट खर्चहरु ।

## परिच्छेद ३
## रेशमखेतीबाट गरीवी न्यूनीकरण तथा रोजगार प्रवर्द्धन

**३.१** रेशमखेतीबाट गरीवी न्यूनीकरण तथा रोजगार प्रवर्द्धनको कार्यक्रम सञ्चालन प्रकृया देहाय अनुसार हुनेछ।

क) भूमीहिन, न्यून आय भएका, बर्षको १ वाली मात्र लाग्ने पाखो जग्गा भएका कृषक समुदायहरु बसोबास गर्ने क्षेत्रहरुको छनौट गरिने छ।

ख) गरिवीको रेखामुनी रहेका र आफ्नो जमिनको उत्पादनले बर्षदिन खान नपुग्ने मध्यपहाडी र चुरेभावर क्षेत्रका समुदायहरुलाइ लक्षित गरि यो कार्यक्रम सञ्चालन गरिने छ ।

ग) कार्यक्रमसंग सम्बन्धीत जिल्ला कृषि विकास कार्यालय जिल्ला विकास समिती समेतको सहयोग र सहकार्यमा गरीव विपन्न परिबारको बाहुल्यता भएको सरकारी जमिन वा सामुदायिक बन जग्लन भएको, बर्षमा १ वा २ वाली मात्र लाग्ने, श्रम शक्ति खेर गई रहेको क्षेत्रको पहिचान गरि जिल्ला कृषि विकासकार्यालयहरु र रेशम फर्म केन्द्रहरुले बजेट तथा कार्यक्रम योजना तर्जुमा गरि योजना तर्जुमा गोष्ठिको समयमा व्यावसायिक कीट विकास निर्देशनालयमा पेश गर्नु पर्ने छ।

घ) प्रस्तावित कार्यक्रमहरु प्राप्त भएपछि कार्यक्रम कार्यान्वयन समिति सहितको विषय विशेषज्ञको प्राविधिक टोली सम्बधीत क्षेत्रमा गएर भौगोलिक तथा प्राविधिक पक्षहरुको स्थलगत निरीक्षण गरी प्रथामिकता क्रम निर्धाण ( अनुसुची ६) गरिने छ । उपलब्ध भएका योजानहरु मध्येबाट प्राप्त भएको बजेटको आधारमा प्रथामिकताको आधारमा कार्यक्रम लक्ष्य निर्धारण गरि पेश गरिने छ । कार्यक्रम स्विकृत भै सकेपछि जिल्ला कृषि विकास कार्यालय र रेशम फर्म केन्द्रहरु मार्फत कार्यक्रम सञ्चालन गरिने छ ।

ङ) समुहमा आवद्ध इच्छुक कृषकहरुलाई ३ दिने स्थलगत तालीम र समुहको १ जना अगुवालाई १५ देखि ३५ दिने सैद्धान्तीक तथा व्यवहारीक तालीम प्रदान गरिने छ।

च) तालीम प्राप्त कृषकहरुले तालीममा सिके अनुसार कीम्बु खेती तथा रेशम कीरापालन गर्नु पर्ने छ।

छ) भूमीहिन कृषकहरुलाई रेशमखेती तर्फ आकर्षण गर्नकोलागी बन कार्यालय र बन उपभोक्ता समितिहरु सगको समन्वय र सहकार्यमा आगामी आ.ब.हरुमा कार्यक्रम योजना तर्जुमा गरिने छ।

ज) कार्यक्रम कार्यान्वयन समितिको व्यवस्था : जिल्ला कृषि विकास कार्यालय तथा रेशम फर्म केन्द्रहरुबाट प्राप्त भएका योजनाहरुको प्रथामिकता क्रम निर्धारण गर्नकोलागि निम्नानुसारको कार्यक्रम कार्यान्वयन समितिको व्यवस्था गरिने छ। आवश्यक भएमा प्राविधिक उप समिती गठन गर्न सकिने छ।

| | |
|---|---|
| कार्यक्रम निर्देशक, व्यावसायिक कीट विकास निर्देशनालय | संयोजक |
| प्रतिनिधी कृषि विभाग योजना तथा जनशक्ति शाखा | सदस्य |
| सम्बन्धीत जिल्लाको वरिष्ठ कृषि विकास अधिकृत (जिल्लाको लागि ) | सदस्य |
| सम्बन्धीत रेशम फर्म केन्द्रका कार्यालयका प्रमुख (फर्मकेन्द्रको लागी) | सदस्य |
| व्यावसायिक कीट विकास निर्देशनालयका वरिष्ठ व्यावसायिक कीट विज्ञ | सदस्य |
| व्यावसायिक कीट विज्ञ (योजना सम्बन्धी काम गर्ने) | सदस्य सचिव |

### ३.२ रेशमखेती विस्तार कार्यक्रम

रेशमखेती विस्तार कार्यक्रमको कार्यबिधि देहाय अनुसार हुनेछ।

क)मौजुदा किम्वु फार्म तथा कृषक संख्याको आँकडा एकिन गरी निष्कृय रहेका अनुत्पादक बगैंचाको पुनर्स्थापना गरि उत्पादनशील बनाइने छ।

ख) पुराना वगैंचामा मरेका किम्वु वोटको रिक्त ठाउँमा किम्वु रोप्नको लागि कृषकलाई किम्वु विरूवा निःशुल्क उपलव्ध गराईने छ ।

ग) प्रति कृषक कम्तीमा पनि १,२०० देखि १,५०० किम्वु वोट हुने उत्पादनशील किम्वु वगैंचा तयार गर्न प्राविधिक सेवा दिइने छ।

घ) बहुस्थलीय, बहुजातीय, बहुमौसमी रेशमकीरा तथा किम्बुको परिक्षण विकास गरी सिफारिस दिइने छ ।

ङ) अध्ययन अनुसन्धानवाट प्राप्त प्रविधिको स्थान विशेषमा परिक्षण गरेर मात्र कृषकमा सिफारिस गर्ने र अध्ययन र परिक्षणमा रेशमखेती कृषकहरूलाई नै संलग्न गराइने छ ।

च) सबै फार्म केन्द्रको कमाण्ड एरिया तोकी कोया उत्पादन र प्राविधिक सेवाको लक्ष पुरा गर्ने जिम्मा दिइने र जिल्लामा रेशमखेतीमा काम गर्न चाहने गै.स.स. वा कृषक समुहरसहकारी संस्थालाई Cluster Area प्रमुख र फार्मसँगको समन्वयमा मात्र रेशम विकास कार्यक्रम संचालन गर्ने व्यवस्था मिलाइने छ।

छ) प्रत्येक किम्वु कृषकलाई रेशम कार्ड वितरण गर्ने व्यावस्था मिलाईने छ।

ज) रेशम खेतीको विकास र विस्तार गर्नको लागि निम्नअनुसारको समूह र क्लस्टर विकास गरिने छ।

झ) कार्यक्रम सञ्चालनको लागि जिल्लाभित्र सम्भाव्यता तथा तुलनात्मक लाभको आधारमा निश्चित भौगोलिक क्षेत्र र सहभागी कृषहहरूको पहिचान गरि पकेट क्षेत्र यकिन गर्ने र प्रत्येक ५० कृषक घर परिवारको एउटा रेशमखेती क्लस्टर (Cluster) को विकास गर्ने।

- व्यवशाय सञ्चालनको लागि आवश्यकपर्ने प्राविधिक सेवा टेवा उपलब्ध गराउने।
- कार्यक्रम कार्यान्वियनको लागि पकेट क्षेत्रस्तर सम्म जिम्मेबार निकाय र व्यक्ति समेत तोक्ने।
- रेशमखेती क्लस्टर विकास गर्दा निम्न लिखित आधारमा गर्नेः
- एक रेशमखेती क्लस्टर — ५० कृषक घर परिवार
- न्यूनतम क्षेत्रफल प्रति कृषक घर परिवार — २ रोपनी (०.१ हे)
- प्रति कृषक घर परिवार कोया उत्पादन — ७०-८० के.जी
- प्रति रोपनी कोया उत्पादन — ३५-४० के.जी
- प्रति रेशमखेती क्लस्टर कोया उत्पादन — १,७५०-२,००० के.जी

ञ) प्रस्तावित कार्यक्रमहरु प्राप्त भएपछि कार्यक्रम कार्यान्वयन समिति सहितको विषय विशेषज्ञको प्राविधिक टोली सम्बधीत क्षेत्रमा गएर भौगोलिक तथा प्राविधिक पक्षहरुको स्थलगत निरीक्षण गरी प्रथामिकता क्रम निर्धाण गरिने छ।

**३.३ रेशमखेती विस्तारको बजार व्यावस्थापन कार्यक्रम**

क) रेशम कोया संकलन र रेशम धागो कात्ने कार्यमा संलग्न हुन सहकारी/नीजि संस्थालाई प्राथमिकता दिइने छ।

ख) इटहरीको रिलिङ्ग मेसीन नीजि र सहकारी संस्थाले संचालन गर्न चाहेमा रेशम खेती विकास र विस्तारमा सहयोग पुग्ने खालका संझौताका आधारमा सञ्चालन गर्न दिइने छ ।

ग) बजारको थप सुविधा र क्षमता विकास नभएसम्म हाल अवलम्वन गरिएको कोष अनुपातलाई नै कोया ग्रेडिङ गर्ने आधार मान्ने र भविष्यमा क्रमशः Dry Cocoon मात्र ग्रेडिङ गर्ने व्यवस्था मिलाइने छ।

घ) कोया खरिद विक्रीमा नीजि क्षेत्र तथा सहकारी संस्था अगाडी आउन थालेपछि कोया ग्रेडिङ र मूल्य किटानी कोया बजार लागेकै दिन क्रेता र विक्रेता दुवैको उपस्थितिमा गर्ने व्यवस्था मिलाइने छ ।

ङ) कोया खरीद बजार व्यवस्थाको लागि बोल कबोल प्रथाको विशेष बजारको विकास गर्न कोया बजारमा कोया विक्री नभएसम्मका लागि आन्तरिक भण्डारण गर्न सक्ने सुविधाको विकास गर्ने र बोलकवोल प्रथाद्वारा किनवेच हुने व्यवस्था क्रमशः विकास गर्दै लगिने छ ।

च) कोया बजारमा आउने समय लाई मध्यनजर गरी वर्षमा चार पटक सम्म कोया बजार हाट बजार संचालन गरिर्ने छ।

छ.कृषकबाट उत्पादीत रेशम कोकुन फर्म केन्द्रबाट नै खरिद गरिदै आएकोमा आ.ब.२०७०/०७१ बाट निजी क्षेत्रले खरिद गर्ने परिपाटीको विकास गरिने छ। चालु आ.ब.मा विनियोजीत बजेटलाई चक्र कोषको रुपमा विउ पूजी स्थापना गरिने छ। चक्र कोषको परिचालन गर्न निम्नानुसारका पदाधिकारी रहेको एक सामति गठन गरि सोही समितको मातहतमा कोषको रकम रहने व्यवस्था रहने छ। निजी क्षेत्रले कोकुन खरिदको अवस्थामा चक्र कोषको परिचालन गरिने छैन भने निजी क्षेत्रले कोकुन खरिद नगरेको अवस्थामा कोकुन खरिद गर्न आवश्यक पर्ने बजेटको यकिन गरि रेशम फर्म केन्द्रले बजेट माग गर्ने छ र सो रकमबाट कृषकहरुको रेशम कोकुन खरिद गर्ने छ। खरिद गरिएको रेशम कोकुनलाई सुकाई राम्रोसंग भण्डार गरि राख्ने र निजी क्षेत्रलाई विक्री गरि चक्र कोषबाट लिएको रकम पुन फिर्ता गराईने छ। यसरी प्रत्येक बर्ष कोकुन खरिदमा बजेट विनीयोजन गर्नु पर्ने छैन। कृषकहरुको कोकुन खरिद तथा बजार व्यवस्थापनको पनि समस्या हुने छैन।

चक्र कोषको संञ्चालन समिति

| | |
|---|---|
| व्यावसायिक कीट विकास निर्देशनालयका कार्यक्रम निर्देशक | संयोजक |
| कृषि विभाग योजना शाखाका प्रतिनिधी | सदस्य |
| व्यावसायिक कीट विकास निर्देशनालयका रेशम खेती हेर्ने वरिष्ठ व्या.किट विज्ञ | सदस्य |

**३.४ रेशममा आधारीत उद्योगस्थापना तथा आयत प्रतिस्थापन कार्यक्रम ।**

क) नेपालमा हाल सञ्चालित रेशम जन्य उद्योगको लागि आवश्यक पर्ने ३०० मे.ट धागो विदेशबाट आयत हुँदै आएकोमा सो परिमाण नेपालमा नै उत्पादन गरि आयात प्रतिस्थापन गरीने छ।

ख) रेशमकीरावाट औषधी, श्रृङ्गार सामाग्री तयार गर्न प्रयोग हुने हुँदा यसको पनि निर्यात गर्ने तर्फ सोच राख्नुका साथै रेशम धागो र रेशमजन्य वस्तु निर्यात वृद्धि गर्न नेपालवाट निर्यात हुने वस्तुहरूको सूचीमा रेशमलाई प्राथमिकतामा पारी रेशम उत्पादनदेखि निर्यातसम्म आवश्यक पर्ने पूर्वाधार, प्रविधि, ऐन/कानुन र सुविधा प्रदान गर्ने व्यवस्थाकोलागि रेशम निर्यात कार्य योजना तय गरी निर्यात वृद्धि गरिने छ ।

ग) कोयाको मूल्य निर्धारणको लागि कृषि विकास मन्त्रालयको कृषि प्रवर्द्धन व्यवसाय तथा तथ्याङ्क महाशाखाका सह-सचिवको अध्यक्षतामा उच्चस्तरीय मूल्य निर्धारण समिति गठन गर्ने। समितिमा नीजि क्षेत्रका उद्यमी र कृषक समेत बढीमा ७ जना सदस्य राख्ने। समितिले विशेषतः वार्षिकरूपमा राष्ट्रिय र अन्तराष्ट्रिय मुल्य समिक्षा गरि मूल्य निर्धारण गर्ने व्यवस्था मिलाइने छ ।

घ) सरकारी फार्म केन्द्रबाट प्रसोधनकर्ताले कोया खरिद गर्न चाहेमा नाफा नलिई सोझै विक्री गर्ने व्यवस्था मिलाइने छ।

**३.५ फार्म व्यवस्थापन कार्यक्रम :**

यो कार्यक्रम रेशम फर्म केन्द्रहरुले फम केन्द्रमा मार्फत नै प्राविधिकहरु संलग्न गराई गरिने छ। यस अन्तर्गत निम्न कार्यक्रमहरु सञ्चालन हुने छन्।

क) पि३, पि२, पि१ तीन तहमा ३५ शुद्ध माउ जातका रेशम कीराको मातृश्रोत (जर्मप्लाज्म) संरक्षण, सम्बर्धन र विकास गर्ने।

ख) व्याबसायिक वर्णशंकर रेशम वीज उत्पादनका लागि शुद्ध माउ कीरापालन गर्न समन्वय गर्ने।

ग) रेशमखेती विकास फार्महरूलाई रेशम कीराको शुद्ध माउ जातका बीज कोया उत्पादनको लागि माग अनुसारको बिज उपलब्ध गराउने।

घ) कृषकहरूको माग बमोजिम वर्णशंकर रेशम फुल उत्पादन र वितरण गर्ने।

ङ) कृषकबाट उत्पादित कोया खरिद गर्ने वा सो कार्यमा बजार सेवा पुऱ्याउने।

च) कीम्बुखेती तथा रेशम कीरापाल सम्बन्धी तालीम सञ्चालन गर्ने।

छ) कृषकलाई स्थलगत प्राविधिक सेवा प्रदान गर्ने।

ज) साना कीरापालन र वितरणमा सहयोग गर्ने।

झ) बहुस्थलिय प्रविधि विकास, परीक्षण, प्रमाणिकरण तथा संयोजन गर्ने।

ञ) जागुरी र चर्खाबाट धागो उत्पादन गर्ने।

**३.६** रेशमखेती मार्फत गरीवी न्यूनीकरण तथा रोजगार प्रवर्द्धन कार्यक्रमको आर्थिक पक्ष देहाय अनुसार हुनेछ।

क) तालमिमा सहभागी प्रशिक्षक तथा प्रशिक्षार्थीहरुको नियमानुसारको पारीश्रमिक तथा आते जाते भत्ता, खाजा, स्टेशनरी एवं तालीम सञ्चालन गर्न आवश्यक पर्ने सामाग्रीहरुको नियमानुसारका खर्चहरु

ख) कीम्बुको विरुवा ९० प्रतिशत मूल्य अनुदानमा खरिद गरि वितरण गर्ने

ग) कीम्बु बगैचा स्थापना गर्न आवश्यक मलखाद तथा अन्य सामाग्रीमा ९० प्रतिशत अनुदान दिने

घ) कीम्बुको विरुवा ढुवानी र निजी कीम्बुनर्सरी स्थापना गर्न आवश्यक खर्चमा प्रति नर्सरी ५० हजारका दरले निजी नर्सरी धनीलाई अनुदान दिने।

ङ) रेशम कीरा पालन कार्य शुरु भै सकेपछि सी आर सी प्रति समुह १ वटा सी आर सी भवन निर्माण गरिने छ।

च) प्रति सिजन कम्तीमा पनि २ बाकस कीरा पालन गर्ने कृषकलाई रेशम कीरा पालन घर निर्माणको लागि प्रति घर रु ५० हजारका दरले अनुदान उपलब्ध गराइने छ।

छ) रेशम कीरा पालनमा प्रयोग हुने विसंक्रमण औषधिहरु निशुल्क वितरण गरिने छ।

**३.७** रेशमखेती विस्तार कार्यक्रमको आर्थिक पक्ष देहाय बमोजिम हुनेछ

क) साना किसानलाई किम्वु विरूवा, मल र औजार उपकरण निःशुल्क तथा सहुलियत दरमा उपलब्ध गरिने छ ।

ख) सानासाना कीरापालक समुहको बगैंचामा सिंचाई लगायत तारवारमा ५० प्रतिशत अनुदान दिइने छ ।

ग) कोया उत्पादन र उत्पादकत्व अभिवृद्धि गर्न १०० के.जी. भन्दा बढी कोया उत्पादन गर्ने कृषकहरूलाई स्थानीय पदार्थमा आधारित आरोहण सामाग्रीको लागि एकमुष्ट रू. ८,००० । एकपटक मात्र उपलब्ध दिइने छ ।

घ) दुई मे.टन कोया उत्पादन हुने क्षेत्रमा चौकी कीरा पालन केन्द [Chowki Rearing Center (CRC)] स्थापना गर्ने र CRC मा किम्बु बगैचाको लागि तारबारको व्यवस्था गर्न ५० प्रतिशत अनुदान दिइने छ

ङ) रेशम कृषकलाई छुट्टै कीरापालन घर निर्माण गर्न लगाउने । प्रति बर्ष २० बाकस कीरापालन गरी कम्तीमा पनि ४०० के.जी कोकुन उत्पादन गर्ने पर्याप्त किम्बु बगैंचा भएका कृषकलाई छुट्टै नमुना कीरापालन घर निर्माण गर्न लाग्ने खर्चको ५० प्रतिशत अनुदानको साथै कीरापालन घरमा आवश्यक पर्ने औजार उपकरण र विसंक्रमण आरोहण सामाग्री खरिद गर्नको लागि समूहमा चक्रकोष शुरू गर्न रु ५० हजार सम्म अनुदानको रुपमा Seed Money दिइने छ ।

च) अनुभवी दक्ष प्राविधिक तथा दक्ष कृषकबाट रेशम प्रविधि प्रसार गर्ने नीति अनुरूप प्रत्येक कीरापालक विच एक रेशम सहजकर्ता राख्ने व्यवस्था मिलाइने छ । निजको तलव ५ वषसर्म्म १०० प्रतिशत सरकारले र त्यस पछिका बर्षबाट ७५ प्रतिशत सरकार र २५ प्रतिशत समुहले व्यहोर्ने र क्रमशः ५ बर्ष पछि १०० प्रतिशत समुहले व्यहोर्ने व्यवस्था मिलाइने छ ।

छ). व्यवसायिक र प्रतिस्पर्धात्मक प्रणालीको विकास गर्न प्रतिबर्ष ५०० के.जी. कोया उत्पादन गर्ने कृषकलाई प्रोत्साही पुरस्कार र कदर पत्र प्रदान गर्ने व्यबस्था गरिने छ ।

ज) रेशमखेती व्यबसायमा ऋण लगानी गर्दा रेशम कषकबाट आयप्राप्त हुनसक्ने Gestation Period को आधारमा कर्जा भुक्तान हुने ऋणको व्याजलाई ग्रेस पिरियड (२ बर्ष सम्म ) मा पूँजिकरण नगर्ने व्यवस्था मिलाइने छ ।

झ) रेशमखेतीमा लगानी भएको ऋण ग्रेस पिरियड समाप्त भएको मितिले ५ बर्ष भित्र साँवा तथा व्याज समेत तिरी सक्नुपर्ने व्यवस्था लागु गरिने छ

ञ) प्रति सिजन कम्तीमा २ बाकस रेशम कीरा पालन गर्ने कृषकलाई मलखाद व्यवस्थापन तथा काटछांट गर्नको लागि प्रति कीम्बु बोट रु १ का दरले पुरानो बगैचा व्यवस्थापन प्रोत्साहन अनुदान प्रदान गरिने छ ।

**३.८** रेशम कोया बजार व्यावस्थापन कार्यक्रमको आर्थिक पक्ष देहाय बमोजिम हुने छ

क) शुरूको पहिलो ५ वर्ष कोया खरिद गर्ने नीजि र सहकारी संस्थालाई कोया संकलन र ढुवानीमा पूर्ण अनुदान दिइने छ ।

ख) कोया खरिदको लागि आ.ब.२०७०/०७१ मा सवै फर्म केन्द्रहरुमा विनियोजीत रहेको बजेटलाई एकै ठाउमा सकलन गरि चक्र कोष समितीको संयुक्त दस्तखतबाट परिचालन हुने गरि व्यावसायिक कीट विकास निर्देशनालयको नाउंमा कोया खरिद चक्र कोषको स्थापना गरिने छ । यस कोषबाट कोकुन खरिद गर्ने रेशम फर्म केन्द्रहरुले खरिद गरिएको मूल्य बराबर हुने गरि निजी क्षेत्रलाई विक्री वितरण गरि चक्रकोषमा रकम दाखिला गर्नु पर्ने छ । चक्र कोषको बजेट न्युन भएमा आगामी आ.ब.२०७१/०७२ को बजेट मा अन्तीम पटकको लागि सेही शिर्षकमा केही बजेट विनियोजन गरिने छ र सो रकम पनि आ.ब.को अन्तीम सम्ममा अनिवार्य रुपमा चक्र कोषमा दाखिला गर्नु पर्ने छ । चक्र कोषबाट रकम परिचालन गर्न माग गर्ने रेशम फर्म केन्द्रलाई पेश्कीको रुपमा समितीको सिफारीसमा उपलब्ध गराइने छ र उक्त रकमबाट कृषकहरुको रेशम कोकुन खरिद गरी सुकाउने र सुरक्षीत भण्डार गर्ने र सोही आ.ब.को सोही चौमासिक वा अर्को चौमासिक सम्म कोषबाट लिएको रकममा नघट्ने गरि निजी क्षेत्रलाई विक्री गरेर चक्र कोष खातामा रकम दाखिला गरि पेश्की फर्छौट गर्नु पर्ने छ । यसरी एक पटक स्थापना भएको चक्रकोषबाट बर्षेनी रेशम कोकुन खरिदमा बजेट विनियोजन गर्नु नपर्ने र कृषकहरुको बजार ग्यारेण्टी हुने हूदा कृषकहरु रेशम खेती तर्फ आकर्षित हुने छन् ।

ग) महिला वर्गको बढी भन्दा बढी सहभागिता र यस व्यबसायमा आकर्षण अभिबृद्धि गर्न गराउन Non-reelable Cocoon बाट कतुवा धागो निकाल्न ५० प्रतिशत अनुदानमा महिला समुहलाई चर्खा उपलब्ध गराउने व्यवस्था गर्ने । महिला समुहद्धारा जर्ती कोयाबाट रेशम धागो कताई गर्न चाहेमा ५० प्रतिशत मूल्य कम गरी विक्री गर्ने व्यवस्था मिलइने छ ।

घ) रेशम सहकारी संस्था र नीजि संस्थाको विकास र सुदृढीकरण गर्न एक सिजनमा २ मे.टन कोया उत्पादन गर्ने सहकारी संस्थालाई कोया सुकाउने उपकरण निर्माणरखरिदको लागतमा ५० प्रतिशत अनुदान दिने र बाँकी ५० प्रतिशतको लागि व्याजमा पनि ५० प्रतिशत अनुदान दिने व्यवस्था मिलाइने छ।

ङ). विक्री केन्द्र संचालनको लागि कोया किनबेच गर्ने दुबै थरी बाट २ प्रतिशतका दरले शुल्क लिने व्यवस्था गर्ने र नपुग रकम सरकारको तर्फ बाट व्यबस्था अनुदान व्यवस्था मिलाइने छ ।

च) कोया केलाई राम्रो नराम्रो कोया छुट्टाछुट्टै ल्याउने कृषकहरूलाई कोयाको मुल्यमा १० प्रतिशत प्रिमियम मुल्य दिइने छ।

छ). रिलिङ, स्पिनिङ, ह्याण्डलुम तान जस्ता मेसशनरी ओजाररहरुमा खरिदमा निजी संस्थालाई ५० प्रतिशत सम्म मूल्य अनुदान दिइने छ ।

**३.९** रेशमखेतीमा आधारीत उद्योगस्थापना तथा आयत प्रतिस्थापन कार्यक्रमको आर्थिक पक्ष देहाय बमोजिम हुनेछ :

क) कोया प्रशोधन र कोयोत्तर व्यवस्था व्यवस्थापन तर्फ वार्षिक १० मे.टन भन्दा बढी कोया उत्पादन हुने क्षेत्रमा सहकारी/नीजि क्षेत्रको संलग्नतामा आधुनिक रिलिङ मेसिन स्थापना गर्ने व्यवस्था गर्ने । गुणस्तरिय रेशम कोया प्रयोग गरी कच्चा रेशम धागो उत्पादन गर्न चाहने नीजि उद्यमीलाई रिलिङ, ट्विस्टिङ र कपडा बुन्ने तान र आवश्यक उपकरणको पूर्णसेट खरिद मुल्यमा ५० प्रतिशत अनुदान सहुलियत र भंसार तथा मुल्य अभिवृद्धि करमा पनि छुट दिने व्यवस्था मिलाइने छ ।

ख) नेपाली रेशम धागो बढी परिमाणमा प्रयोग गरी निर्यात बढावा गर्ने नीजि व्यवसायी/सहकारी संस्थालाई प्रोत्साही पुरस्कार र कदर पत्र प्रदान गरिने छ ।

ग) अन्तर्राष्ट्रिय मुल्य उतार चढावको जानकारी नियमित रूपमा व्यावसायिक किट विकास निर्देशनालयले कृषक र सम्बन्धितलाई जानकारी दिने व्यवस्था मिलाइने छ।

घ) सहकारी संस्थाहरूलाई रेशम विमा शुरू गर्न प्रोत्साहित गरि आवश्यक प्रकृया शुरु गरिने छ ।

ङ) गुणस्तरिय रेशम धागो उत्पादन वृद्धि गर्न Project Proposal तयार गरी कार्यान्वयन गरिने छ।

च) कोया प्रशोधन र कोयोत्तर व्यवस्थापन तर्फ बार्षिक १० मे.ट. भन्दा बढि कोया उत्पादन हुने क्षेत्रमा सहकारी/नीजि क्षेत्रको संलग्नतमा सरकारी स्तरमा आधुनिक रिलिङ्ग मेशिन स्थापना गर्ने ब्यवस्था गर्ने , रेशम कोया प्रयोग गरी कच्चा रेशम धागो उत्पादन गर्न चाहने नीजि उद्यमीलाई रिलिङ्ग र ट्वीस्टीङ्ग उपकरणको पूर्ण सेट खरिद मुल्यमा ५० प्रतिशत अनुदान सहुलियत र भंसार तथा मुल्य अभिबृद्धि करमा पनि छुट दिने व्यवस्था मिलइने छ ।

छ) कीम्बु तथा रेशम कीराबाट उत्पादन गरिने अन्य रेशमजन्य बस्तु उत्पादन गर्न आवश्यक पर्ने औजार उपकरणहरुको आयत गर्दा लाग्ने भन्सार छुटको व्यवस्था गरिने छ।

**३.१०** रेशमखेती फार्म व्यवस्थापन कार्यक्रमको आर्थिक पक्ष देहाय बमोजिम हुनेछ

**क)** एक बर्षमा ५० हजार कीम्बु विरुवा उत्पादन गर्न (नर्सरीको लागि जग्गा खरिद देखी कीम्ब ुविरुवा विक्री वितरण गर्ने समय सम्म) ६महिने अवधिमा २१५ जना ज्यामीको स्थानिय दर रेट अनुसारको ज्याला फर्म केन्द्रहरु मार्फत भूक्तानी दिने **।**

**ख)** ५० हजार विरुवा उत्पादनको लागि आवश्यक पर्ने कम्पोष्ट मल ३० मे.ट. डी.ए.पी १८ के.जी.,युरिया ११ के.जी, म्यरीट अफ पोटास ९ केजी मलखादको स्थानिय दर रेट अनुसार लाग्ने खर्चहरु विरुवा उत्पादन कार्यक्रम बजेटमा समवेश गर्ने।

**ग)** फर्म भित्र खाली रहेको जग्गामा किम्बु विरुवा रोपाण गर्नको लागि प्रति हेक्टर ६०० जना ज्यामीको ज्याला, २० मे.ट कम्पोष्ट मल, १२ हजार कीम्बु विरुवा, १०० : ८० : ६० के.जी एन पी.के.को दरले रासायकि मल, कम्पोष्ट मल र विरुवा ढुवानी,डोको नाम्लो १० सेट र १० वटा कुटो कोदालो खरिद गर्न आवश्यक पर्ने स्थानिय दर रेट अनुसारको ज्याला तथा मूल्य खर्चहरु यस अन्तर्गत समावेश गरिने।

घ) फर्ममा रहेको बगैचाको व्यवस्थापन गर्ने कार्य अन्तर्गत किम्बु बगैचा कांटछांट, गोडमेल, मलखाद प्रयोग ,सिचाई आदि कार्य गर्न आवश्यक पर्ने ७३० जना ज्यामी, २० मे.ट कम्पोष्ट मल, १००:८०:६० के.जी एन पी.के.को दरले रासायकि मल,१० सेट डोको नाम्लो, प्रति ५ बर्षमा १० वटा कुटो कोदालो, प्रति २ बर्षमा १० वटा सिकेचर तथा प्रुनिङ्ग स प्रति बर्ष २ पटक कम्पोष्ट मल ढुवानी गर्न प्रति हेक्टरमा स्थानिय दर रेट अनुसारको ज्यामी ज्याला र सामानको दर रेट अनुसारको बजेट साल बसाली रुपमा विनीयोजन गरि सोही अनुसार खर्च गरिने छ।

ङ) प्रति ५०० के.जी रेशम विज उत्पादनको लागि कोया लोडिङ्ग देखि फूल वितरण र कोठा सरसफाई गर्ने अवधिसम्मको लागि आवश्यक पर्ने ८११ जना ज्यामी को स्थानिय दर रेट अनुसारको ज्यामी

ज्याला,आवश्यक विभीन्न सामाग्रीहरु जस्ते ब्राउन पेपर १.५ सिट,फोम प्याड १,भुटेको भुस १०० के.जी, फर्मालनि वा अन्य विसंक्रमण केमिकल्स १५ लि.,चुना २० के.जी, ब्लिचिङ्ग धुलो २.५ के.जी,,एप्रोन, चप्पल मास्क ३ सेट,।मटीतेल ९० ।लि.नुन २ के.जी., एसिड १ लि., पेट्रोल २ लि., भाले रंगाउने रङ्ग आधा लि., एम सी भी.स्टेवलाईजर १, प्लाष्टिक बाल्टीन ४, कोया काट्ने चक्कु, ब्लेड १२, फुल राख्ने बाकस ५००, कालो कपडा २ मी, सेतो मलमल कपडा २ मी.,कालो पेपर सीट ६, पावर जेनेरेटरलाई डिजल २०० लिटर आदीको लागि प्रचलित दर रेट अनुसार लक्ष्य पुरा गर्न आवश्यक पर्ने बजेट साल बसाली रुपमा विनीयोजन गरि सोही अनुसार खर्च गरिने छ ।

च) प्रति २० के.जी विज कोया उत्पादनको लागि कोठा सर सफाई देखि विज कोया उत्पादन गरि प्याकीङ्ग गर्ने समय सम्मको लागि आवश्यक पर्ने २३ जना ज्यामीको स्थानिय दर अनुसारको ज्याला, डाली, थुन्से,वाटा,वाल्टीन चक्कु१।१ वटा, ब्राउन पेपर २० सिट,कालो सेतो कपडा २ मिटर, फम प्याड १, चुन ५ के.जी., फर्मालिन २.५ लिटर,विजेता वा आर के.ओ. २ के.जी, ब्लीचिङ्ग धुलो १ के.जी, मटीतेल १० लिटरको स्थानिय दर रेट अनुसारको मूल्य दरले लक्ष्य अनुसार आवश्यक पर्ने बजेटको साल बसाली विनीयोजन गरि सोही अनुसार खर्च गरिने छ ।

छ) प्रति १० बाकस चौकी कीरा पालन र वितरण गर्न कीरा पालन घरको सरसफाई देखि साना कीरा पालन गर्ने अवधिसम्मको लागि आवश्यक पर्ने २७ जना ज्यामीको स्थानिय दर अनुसारको ज्यामी ज्याला, फर्मालिन वा अन्य विसंक्रमल केमिकल्स ८ लि., ब्लिचिङ्ग पाउडर २ के.जी, आर.के.ओ वा अन्य ६ के.जी.,चुना ३० के.जी,प्याराफिन पेपर ४० सिट,ब्राउन पेपर ४० सिट, डिटर्जेन्ट पाउडर २ के.जी,फोम स्ट्रिप १ सेट, कार्टुन वा प्याक १५, एक बर्ष अर्थात ४ पटकसम्म प्रयोग गर्न मिल्ने गरि प्लाष्टिक बाटा वाल्टीन ६, सिकेचर १, कालो सेतो कपडा २० मीटर,चप्पल २ जोर, चपीग नाईफ २ र इन्धन ५ लिटरको लागि प्रचलित दर रेट अनुसार लक्ष्य पुरा गर्न आवश्यक पर्ने बजेट साल बसाली रुपमा विनीयोजन गरि सोही अनुसार खर्च गरिने छ ।

ज) प्रति बाकस ठूला कीरा पालन गर्ने कृषकहरुलाई  फर्मालिन वा अन्य केमीकल्स २.५ लिटर, ब्लिचिङ्ग पाउडर २ के.जी, आर के.ओ वा विजेता २ के.जी र चुना २ के.जी.का दरले शत प्रतिशत अनुदानको रुपमा प्रदान गरिने छ ।

झ) ३५ जातको रेशम कीराको मातृश्रोत संरक्षण तथा विकास गर्नको लागि आवश्यक पर्ने  १८२५ जना ज्यामीको ज्याला , डाली थुन्से प्लाष्टिक वाटा २०।२० गोटा, पात काट्ने चक्कु ६, टिस्युपेपर २० प्याकेट, ब्राउन पेपर ४ रीम, प्याराफीन पेपर २ रीम, कालो सेतो कपटा ८० मीटर, फम प्याड २०, कालो कागज २००, मिनाईल पेपर १२ रोल, चुन ३०० के.जी,फर्मालिन वा अन्य केमिकल्स २०० लिटर, विजेता वा आर के.ओ १५० के.जी., ब्लिचिङ्ग पाउडर १०० के.जी., भीम पाउडर ४० के.जी, सर्फ ४० के.जी, मट्टीतेल ४३० लिटर, डिजेल पावर जेनेटर १६५० लिटर,पेट्रोल पावर स्पैयर ६लि, मोविल १२ लि , हाइड्रोक्लोरिक एसिड १ लि., पोटासियम हाइड्रोअक्साइड १ के.जी, मिथाइल १ लिटर आदीको लागि प्रचलित दर रेट अनुसार लक्ष्य पुरा गर्न आवश्यक पर्ने बजेट साल बसाली रुपमा विनीयोजन गरि सोही अनुसार खर्च गरिने छ ।

ञ) नेपालमा हालसम्म कृषकहरुले पाल्दै आएका रेशमका जातहरुमा विभीन्न रोगहरु लाग्न गई उत्पादन कम भएको देखिएकोले नयां जातको विकास र विस्तार गर्न आवश्यक पर्ने नयां जातका रेशम कीराका फूलहरु नमुना परिक्षणको लागि भारतबाट आयत गर्न आवश्यक पर्ने बजेट विनियोजन गरि भारतको केन्दीय रेशम बोर्डले निर्धारण गरेको दर रेट र बजेट भुक्तानी प्रकृया अनुसार खरिद गर्दा लाग्ने खर्चहरु केन्द्रीयस्तरमा विनियोजन गरि भारतबाट उपलब्ध भएका रेशम कीराका फूलहरु विभिन्न रेशम फर्म केन्द्रमा पठाईने छ । भारतबाट नेपाल सम्म आयात गर्दा र सम्बन्धीत फर्म केनद्रहरुमा ढुवानी गरि लैजानको लागि  आवश्यक पर्ने ढुवानी खर्च समेत सरकारी निकायबाट व्यहोर्ने व्यवस्था मिलाईने छ ।

**३.११ विविध :**

क) कृषि यन्त्र उपकरणहरु अनुदानमा खरिद गर्न नेपाल सरकारको नीति, नियम, कार्यविधी अनुसार साझेदारी सहभागीताको लागि संस्थाले कम्तिमा पच्चिस देखि पचहत्तर प्रतिशत मा संस्थाले लगानी गर्नु पर्नेछ ।

ख) निर्माण कार्य तथा यन्त्र उपकरणहरु खरिद सबै चरण पुरा भए पश्चात संस्था, जिल्ला कृषि विकास कार्यालय र क्षेत्रीय कृषि निर्देशनालयको समन्वयमा कार्य संचालन विधि तयार गरी संस्थालाई आवश्यक संचालन सम्बन्धी तालीम दिई कार्य संचालन गर्नु पर्नेछ ।

ग) सामुदायिक कृषि यान्त्रिकरण सेवा केन्द्रले सहुलियत भाडा दरमा सेवा उपलव्ध गराउनु पर्ने छ । र सो को प्रतिवेदन प्रत्येक आ.व. मा सम्बन्धीत कार्यालयमा पठाउनु पर्नेछ ।

घ) संस्थाले गर्नु पर्ने हरेक पत्राचारसंग संस्थाको बैठकको निर्णय प्रतिलिपि संलग्न हुनु पर्नेछ ।

ङ) संस्थाले उक्त सेवा केन्द्रमा अनिवार्य रुपमा निर्देशनालयको सहकार्यमा कार्यक्रम संचालन भएको दर्शाउने साईन बोंड लगाउनु पर्नेछ ।

## परिच्छेद ४
## विविध

**४.१** अनुगमन व्यवस्था : कार्यक्रमको अनुगमनको व्यवस्था देहाय वमोजिम हुने छ ।

क) संचालन कार्यक्रमहरुको केन्द्रियस्तरबाट नियमित अनुगमन तथा मुल्याङ्कनको कार्य मन्त्रालय, कृषि विभाग, सम्वन्धित निर्देशनालय वा कार्यक्रमबाट हुनेछ ।

ख) संचालन कार्यक्रमहरुको जिल्लास्तरमा नियमित अनुगमन तथा मुल्याङ्कनको कार्य सम्वन्धित जिल्ला कृषि विकास कार्यालय र यस अन्तर्गतका सेवा केन्द्रबाट हुनेछ ।

**४.२** कार्वाहीको व्यवस्था : प्रस्ताव स्विकृत भएका कृषक तथा फर्म उद्योगहरुले सम्झौता अनुसार कार्यक्रम सम्पन्न नगरी प्राप्त अनुदानलाई दुरुपयोग गरेको पाइएमा नेपाल सरकारको प्रचलित ऐन नियम बमोजिम कार्वाही गरीने छ ।

## अनुसूची - १

### मौरी, च्याउ, रेशम कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७० को प्रस्ताव आव्हानको सूचनाको ढाँचा

सूचना । सूचना ॥ सूचना ॥।

यस कार्यालयको आ.व. २०...../.... को वार्षिक स्वीकृत कार्यक्रम अनुसार मौरी पालन/रेशम खेती /च्याउ खेती विकाससम्बन्धि कार्यक्रमको माध्यमवाट कृषि विकासको प्रवर्द्धन गर्ने कार्यक्रम रहेको हुँदा ईच्छुक नेपाली नागरीकहरुवाट दरखास्त आव्हानको लागि यो सूचना प्रकाशित गरिएको छ । यो सूचना प्रथम पटक प्रकाशन भएको मितिले १५ दिन भित्र सम्बन्धित जिल्ला कृषि विकास कार्यालयमा तोकिएको ढाँचा अनुसारको आवेदन फाराममा दरखास्त दिनु होला । पूनश्चः आवेदन साथ तपशिल अनुसारका कागजातहरु संलग्न राख्न समेत यसै सूचना द्धारा सूचित गरिन्छ ।

**तपशिल**

१. अनुसूची २ अनुसारको आवेदन फाराम ।
२. अनुसूची ३ अनुसारको संक्षिप्त कार्य योजना ।
३. नेपाली नागरिकताको प्रमाणित प्रतिलिपि ।
४. अन्य प्रमाणित प्रमाण पत्रहरु (तालिम, शैक्षिक योग्यता आदी) को प्रतिलिपिहरु ।

## अनुसूची - २

## मौरी, च्याउ, रेशम कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७० को आनुदान सहयोग प्राप्त गर्नको लागि दिईने आवेदन-पत्र

श्रीमान् बरिष्ठ कृषि विकास अधिकृत ज्यू,
जिल्ला कृषि विकास कार्यालय,
............................... ।

**विषय : कृषि अनुदान सहयोग कार्यक्रम उपलब्ध गराई दिने वारे ।**

महोदय,

मलाई उक्त अनुदान सहयोग प्राप्त गरी .......... ....... ....... कार्य गर्न तिब्र ईच्छा भएकोले निम्नानुसार कागजात राखी निवेदन गर्दछु । मैले अनुदान सहयोग प्राप्त गरेमा निर्धारित प्रकृया अनुसार सम्बन्धित जिल्ला भित्रै रही कार्य गर्नेछु । पूनश्चः तपशिल अनुसारका कागजातहरु यसै निवेदन साथ संलग्न राखेको व्यहोरा समेत अनुरोध गर्दछु ।

**तपशिल**

१. अनूसूची ३ अनुसारको संक्षिप्त कार्ययोजना
२. नेपाली नागरिकताको प्रमाणित प्रतिलिपी
३. फर्म/समूह/समिति/सहकारी सम्वन्धित निकायमा दर्ता भएको प्रमाणको प्रतिलिपि वा ब्यक्तिगत कृषक
४. अन्य प्रमाणीत प्रमाण पत्रहरु (तालिम, शैक्षिक योग्यता) आदिका प्रतिलिपीहरु)
५. बैदेशिक रोजगारवाट फर्केकाको हकमा पासपोर्टको प्रतिलिपि
६. समूह/समिति/सहकारिका सदस्यहरुको परियोजना प्रस्ताव पेश गर्न र परियोजना छनौट भएमा कार्यान्वयन गर्ने प्रतिवद्धता

निवेदकको

नाम :
दस्तखत :
ठेगाना :

## अनुसूची - ३

## मौरी, च्याउ, रेशम कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७० को अवधारणाको संक्षिप्त कार्य योजना

उद्यमी युवा/यूवतीको नाम थर :
ठेगाना : .................. गाउँ/टोल : .................... वार्ड नं. : ....... गा.वि.स. : .................
जिल्ला : ...................
संचालन गर्न खोजेको ............ सम्बन्धि व्यवसाय र स्थान :
सहयोग स्वरुप माग गरेको अनुदान रकम/लगानी :
आफ्नो लगानि :
आफ्नो पारिवारिक श्रम :
व्यवसायवाट उत्पादन हुने वस्तु :
उत्पादित कृषि बस्तुको परिमाण :
बजारयोग्य परिमाण :
व्यवसायले वातावरणमा नकारात्मक प्रभाव पार्छ/पार्दैन ?

फर्म/समुह/समिति/सहकारीको नाम : सम्पर्क नम्वर:

ठेगानाः गाउं/टोल वडा नं. गा.वि.स. जिल्ला

व्यवशाय संचालन गरिने स्थान :

संचालन गरिने कार्य विवरणः

| क.सं. | संचालन गरिने क्रियाकलाप | अनुदान सहयोग | नीजि लगानि | जम्मा लगानि |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| | | | | |

व्यवशाय गरेको भए, विगत कति वर्ष देखि ......... निरन्तर गरि रहेको? वर्ष.........महिना.......
व्यवसायको लागि श्रमको व्यवस्थापन : क) पारिवारीक ख) वाहिर वाट ग) दुवै
तर्फ वाट सहि गर्नेको
नाम : संस्थाको छापः (संस्थाको हकमा)
पद :
दस्तखत : मिति :

## अनुसूची - ४

## मौरी, च्याउ, रेशम कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७०

कार्यक्रम संचालनको लागि गरिने सम्झौता-पत्र

कृषि विभाग व्याबसायिक किट विकास निर्देशनालय द्धारा जिल्ला कृषि विकास कार्यालय …….. मार्फत संचालन गरिने चालु आ.व. ………….. को स्वीकृत ……………………… कार्यक्रम संचालन गर्न जिल्ला कृषि विकास कार्यालय, ( यस भन्दा पछाडि पहिलो पक्ष भनिने), विशिष्टताको आधारमा छनौट भएका यूवा कृषक श्री/सुश्री/श्रीमती ……………………………………………. (यस भन्दा पछाडी दोश्रो पक्ष भनिने) विच तपशिलका शर्तनामाहरु गरी गराई कार्यक्रम सम्पन्न गर्न सम्झौता/सहमति भएको छ ।

१. पहिलो पक्षले दोश्रो पक्षलाई व्यवसाय संचालनको लागि कार्ययोजना अनुसार २ किस्तामा /कार्यबिधि अनुसार सामाग्री वा सोझै नगद/ड्राफ्ट/चेक अनुदान स्वरुप तेश्रो पक्षको रोहवरमा उपलब्ध गराउने छ ।

२. दोश्रो पक्षले पहिलो पक्षवाट आवश्यक प्राविधिक प्राप्त गरी आफूले आवेदन गरे अनुसारको ……………………… व्यवसाय संचालन गर्नेछ ।

३. पहिलो पक्षले नियमित रुपमा व्यवसाय संचालन गरे नगरेको अनुगमन गर्नेछन् ।

४. यस सम्झौता उल्लेखित काम गर्दा परि आउन सक्ने कुनै पनि प्राकृतिक प्रकोप/ भवितव्यको पूर्ण जिम्मेवारी दोश्रो पक्ष स्वयं आफै हुनेछ ।

५. यस सम्झौतामा उल्लेख भए भन्दा अन्य व्यहोराको हकमा प्रचलित नियम कानुन बमोजिम हुने छ ।

| **पहिलो पक्ष** | **दोश्रो पक्ष** |
|---|---|
| जिल्ला कृषि विकास कार्यालयको तर्फवाट सहि गर्नेको | यूवा उद्यमी वासंस्थाको तर्फवाट सहि गर्नेको |
| नाम : | नाम : |
| पद : | पद : |
| दस्तखत : | दस्तखत : |
| मिति : | मिति : |
| कार्यालयको छाप : | औठाको छाप : |
| | संस्थाको छाप : |
| | दा. वाँ. |
| सम्पर्क फोन नं. : | सम्पर्क फोन नं. : |

## अनुसूची - ५

## मौरी, च्याउ, रेशम कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७० को प्रगति विवरण पठाउने फारामको ढाँचा

१. उद्यमी कृषकको

नाम :

ठेगाना :

२. संचालित व्यवसायको

नाम :

ठेगाना :

३. आ.व.

४. प्रगति प्रतिवेदन अवधी : चौमासिक/वार्षिक

| क्र.सं. | कार्य विवरण | ईकाई | लक्ष्य | प्रगति | आई परेका वाधा अड्चनहरु | समाधानको लागि सुझावहरु |
|---|---|---|---|---|---|---|
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |

प्रति ईकाई उत्पादित पदार्थको स्थानिय वजारको विक्रि मूल्य :

१. ....... २. ....... ३. ....

यूवा उद्यमीको नाम : दस्तखत : मिति :
ठेगाना :

## अनुसूची - ६

## मौरी, च्याउ, रेशम कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७० को प्रस्ताव मूल्यांकन फराम

| क्र. सं. | द.नं. | आवेदकको नाम | ठेगाना | मूल्याङ्कन (१०० पूर्णङ्कमा गर्ने) | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | | उद्यमीको व्यवसाय प्रतिको अनुभव/तालिम (३०) | पेश गरेको कार्ययोजना (४०) | उक्त स्थानमा व्यवसायको सम्भाव्यता उपयूक्ता (१५) | वास्तविक लक्षित वर्ग (१५) | कुल प्राप्ताङ्क (१००) |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |

छनौट समितिका पदाधिकारीहरुको नाम, थर, पद, दस्तखत र मिति :

१.

२.

३.